फोन नं. ४२००३३९, ४२००३४२, ४२००३४३,
४२००३४६, ४२००३४७,
४२००३४९,४२००३५०,४२००३५१
हटलाईनः ४२००३४५
फ्याक्सः ४२००४००
इमेलः navic@nvc.gov.np
वेवसाइटः :www.nvc.gov.np
सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार
# राष्ट्रिय सतर्कता केन्द्र

प. सः ०७०।७१

| च.नं. | २ | ४ | ० | ० | २ | ३ | ६ | ६ | ७ | १ |
|---|---|---|---|---|---|---|---|---|---|---|

मितिः २०७०।११।२९

विषयः विलहरू website मा राख्ने सम्बन्धमा ।

श्री अर्थ मन्त्रालय, सिंहदरवार
श्री उद्योग मन्त्रालय, सिंहदरवार
श्री उर्जा मन्त्रालय, सिंहदरवार
श्री कानून, न्याय, संविधानसभा तथा संसदीय मामीला मन्त्रालय
श्री कृषि विकास मन्त्रालय, सिंहदरवार
श्री गृह मन्त्रालय, सिंहदरवार
श्री परराष्ट्र मन्त्रालय, सिंहदरवार
श्री भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरवार
श्री भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरवार
श्री महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय,
श्री युवा तथा खेलकूद मन्त्रालय, कमलपोखरी
श्री रक्षा मन्त्रालय, सिंहदरवार
श्री वन तथा भू-संरक्षण मन्त्रालय, सिंहदरवार
श्री वाणिज्य तथा आपूर्ति मन्त्रालय, सिंहदरवार
श्री विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय, सिंहदरवार
श्री शान्ति तथा पुनर्निर्माण मन्त्रालय, सिंहदरवार
श्री शिक्षा मन्त्रालय, सिंहदरवार
श्री श्रम तथा रोजगार मन्त्रालय, सिंहदरवार
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय,
श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
श्री सहकारी तथा गरिवी निवारण मन्त्रालय, सिंहदरवार
श्री सहरी विकास मन्त्रालय, सिंहदरवार
श्री सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार
श्री सिंचाइ मन्त्रालय, सिंहदरवार
श्री सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरवार
श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ

नेपाल सरकार (प्रधानमन्त्रीस्तर) बाट मिति २०७०।१०।२८ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र अन्तर्गतका निकायहरूमा भुक्तानीको निमित्त पेश हुन आएका पाँच हजार रुपैयाँ भन्दा बढीका विलहरू भुक्तानी हुनुपूर्व कम्तीमा ३ (तीन) दिनसम्म आफ्नो वेबसाइटमा राख्ने व्यवस्था लागू गरी पारदर्शिता प्रवर्द्धन र भ्रष्टाचार नियन्त्रणमा सहयोग पुर्याउने निर्णय भएअनुसार यस केन्द्र समक्ष भुक्तानी/फछ्र्यौटको लागि पेश हुन आएका पाँच हजार रुपैयाँ भन्दा बढीका बिलहरू प्राप्त हुनासाथ स्क्यान गरी वेबसाइटमा अपलोड गरी कम्तीमा तीन दिन सम्म राख्ने र भुक्तानी/फछ्र्यौट सम्बन्धी अन्य विवरणहरू वेबसाइटमा रहि रहने व्यवस्था गरिएको छ । भुक्तानी/फछ्र्यौटका निमित्त प्राप्त हुन आएका विलहरू सार्वजनिक गर्ने सम्बन्धमा केन्द्रले तयार गरेको फर्म्याट केन्द्रको वेबसाइट www.nvc.gov.np मा हेर्न सकिने छ । यस्तो कार्यबाट कार्यालयको काम कारवाहीमा पारदर्शीता प्रवर्द्धन हुने र भ्रष्टाचार नियन्त्रण गर्नमा समेत सहयोग पुग्ने हुँदा सो अनुसारको व्यवस्था तहाँ मन्त्रालयमा समेत लागू गर्नका लागि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ झ बमोजिम सुझाव दिइएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

(कमल बहादुर थापा)
उपसचिव

**बोधार्थ**
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं ।
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौं ।

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
# भूमिसुधार तथा व्यवस्थापन विभाग
(आर्थिक प्रशासन शाखा)


फ्याकस: ४२३०५८५
महानिर्देशक: ४२२३०४९
निर्देशक प्रशासन: ४२२५९८२
निर्देशक योजना: ४२२६९८८
आ.प्र.शाखा: ४२६६४९३
क.प्र.शाखा: ४२६६४९३
सा.प्र.शाखा: ४२६६४९३
पि.ए. ४२२००२८


पत्र संख्या:- ०७०।०७१
चलानी नं.:- २३५५

बबरमहल, काठमाडौं ।
मिति: २०७०।१२।०९

विषय: विलहरू Website मा राख्ने सम्बन्धमा ।

श्री मालपोत कार्यालय, सबै ।
श्री भूमिसुधार कार्यालय, सबै ।

प्रस्तुत विषयमा भुक्तानीका निमित्त पेश हुन आएका पाँच हजार रूपैंया भन्दा बढीका विलहरू भुक्तानी हुनु पूर्व ३(तीन) दिन सम्म आफ्नो **Website** मा राख्ने सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रको च.नं.२४००२३९६६१ मिति ०७०।११।२९ को पत्र संलग्न गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको च.नं.१२९५ मिति ०७०।१२।०३ को पत्रबाट लेखि आएको हुँदा सोही वमोजिम गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

..............................
(तेजराज पाण्डे)
महानिर्देशक